प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुरको

# डिप्लोमा तथा प्रमाणपत्र तहको परीक्षा आवेदन फाराम भर्ने बारे अत्यन्त जरुरी सूचना

(मिति २०७९।०७।२० गते प्रकाशित)

यस परिषद्का आंगिक, साझेदारी, सामूदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा **प्रमाणपत्र तह नर्सिङ्ग, सामान्य चिकित्सा, मेडिकल ल्याब टेक्नोलोजी, रेडियोग्राफी, होमियोप्याथी, सामान्य चिकित्सा आयुर्वेद, अकुपन्चर, डेण्टल साइन्स (डेण्टल हाइजिन), अप्थाल्मिक साइन्स, कृषि (वाली बिज्ञान र पशु विज्ञान), फार्मेसी, फिजीयोथेरापी, योग एण्ड नेचुरोपेथी, फरेष्ट्री कार्यक्रमहरुको प्रथम, दोश्रो र तेश्रो वर्षको नियमित तथा दोश्रो र तेश्रो बर्षको आंशिक एवं डिप्लोमा इन इन्जिनियरिङ्ग तर्फका कार्यक्रमहरु, होटल म्यानेजमेण्ट, फुड एण्ड डेरी टेक्नोलोजी, सोसियल वर्क्स, इन्टरप्रेनरशीप डेभलपमेण्ट र कृषि (वाली बिज्ञान र पशु विज्ञान) प्रथम बर्ष दोश्रो खण्डको नियमित** परीक्षाहरु माघ महिनामा संचालन हुने भएकोले परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरी बुझाउनका लागि मिति २०७९ साल मंसिर ११ गते भित्र नियमित शुल्कमा र २०७९ साल मंसिर १८ गते भित्र विलम्ब शुल्कमा तोकिएको हुंदा सम्वन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा परीक्षा आवेदन फाराम भराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

**प्राविधिक शिक्षामा विशेष छात्रबृत्ति कार्यक्रम (दलित, मुस्लिम, लोपोन्मुख जाती तथा भुकम्प प्रभावित)** अन्तर्गत **डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग, सिभिल इन्जिनियरिङ्ग (स्पेसलाइजेशन इन हाइड्रोपावर), अटोमोवाइल इन्जिनियरिङ्ग, जियोमेटिक्स इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, रेफ्रिजेरेशन एण्ड एयरकन्डिशनिङ्ग, इन्फर्मेशन टेक्नोलोजी, फुड एण्ड डेरी टेक्नोलोजी, होटल म्यानेजमेण्ट, इन्टरप्रेनरशीप डेभलपमेण्ट तथा कृषि (वाली बिज्ञान र पशु विज्ञान) कार्यक्रमको प्रथम बर्ष दोश्रो खण्ड**को नियमित **र बार्षिक परीक्षा प्रणालीका अन्तर्गतका सामान्य चिकित्सा, नर्सिङ्ग, फिजियोथेरापी, कृषि (वाली बिज्ञान र पशु विज्ञान) र फरेष्ट्री कार्यक्रमहरुको प्रथम, दोश्रो र तेश्रो बर्षको नियमित तथा दोश्रो एवं तेश्रो बर्षको आंशिक** परीक्षा समेत सोही समयमा संचालन हुने भएकाले माथि उल्लेखित मिति र समयमा आवेदन फाराम भर्नु भराउनु हुन अनुरोध छ ।

साथै निम्न शर्तहरु पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**शर्तहरु:**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनुपर्नेछ । आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको अनुहार प्रष्ट देखिने पासपोर्ट साईजको फोटो टाँसिएको हुनुपर्नेछ ।

२. बार्षिक परीक्षा प्रणालीको हकमा नियमित तर्फ आंगिक, सामुदायिक र परिषद्सँग साझेदारी गरी संचालित संस्थाहरुको हकमा प्रति विद्यार्थी रु.१,०००। र सेमेष्टर परीक्षा प्रणालीको हकमा प्रति बिद्यार्थी रु ५००। निजी शिक्षण संस्थाको हकमा बार्षिक परीक्षा प्रणालीको प्रति बिद्यार्थी रु. २,५००। र सेमेष्टर परीक्षा प्रणालीको हकमा रु २,०००। र बिलम्ब शुल्कमा प्रति विद्यार्थी नियमित परीक्षा शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ । साथै नियमित शुल्कको समय भित्र Web based online system मा फाराम Entry नगरेमा विलम्व शुल्क समेत लाग्नेछ ।

३. आंशिक परीक्षार्थीको हकमा एक विषय मात्रको लागि परीक्षा शुल्क रु. ३००।- र प्रत्येक थप विषयको लागि रु. १५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ ।

४. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा बिलम्व शुल्क बुझाउने **अन्तिम मितिको भोलिपल्ट** अनिवार्य रुपमा सम्बन्धित प्रदेश कार्यालयको बैक खातामा रकम जम्मा गरी सक्कल बैंक भौचर ITMS Online मा Upload गर्नुपर्नेछ र **मिति २०७९ मंसिर १९ गते भित्र नियमित तथा विलम्व** परीक्षा आवेदन फाराम एकै साथ सम्वन्धित प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

५. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम बुझाउंदा बिषयगत नियमित तथा आंशिक एवं नयां तथा पुरानो पाठयक्रमको छुट्टाछुट्टै फायल खडा गरी शुल्क बुझाएको रसिद संलग्न गरी परिषद्का प्रदेश कार्यालयहरुमा तोकिएको मिति भित्र दर्ता गर्नुपर्नेछ ।

६. नियमित तर्फका जेहेन्दार तथा वर्गिकृत छात्रवृत्ति प्राप्त परीक्षार्थीहरुलाई परीक्षा शुल्क लाग्ने छैन ।

७. आंशिक परीक्षार्थीको हकमा शैक्षिक शत्र २०७३/७४ (ई. सं. २०१६) देखि भर्ना भई रजिष्ट्रेशन भएका विद्यार्थीहरुले मात्र परीक्षा आवेदन फाराम भर्न पाउँनेछन् ।

८. बार्षिक/सेमेष्टर परीक्षा प्रणालीका नियमित बिषयहरुको आन्तरिक मूल्यांकनको प्राप्तांक Web based online system मा entry गरी प्रमाणित एक प्रति (Printed Copy) मा सही छाप गरी अनिवार्य रुपमा फाईलिङ्ग गरी पेश गर्नुपर्नेछ । Entry गरी सकेका आन्तरिक मूल्यांकनको प्राप्तांक पछि परिवर्तन हुने छैन ।

९. आंशिक परीक्षार्थीहरुको हकमा आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुको मात्र आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा फाराममा तथा Web based online system मा Entry गरी एक प्रति प्रिन्ट गरी सही छाप गरी बुझाउनु पर्नेछ ।

१०. नियमित तर्फ बार्षिक/सेमेष्टर परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फारामहरु Web based online system मा entry गरी समष्टिगत अनुसार फारामको क्रमअनुसार मिलाई कार्यक्रम अनुसारको Internal Assessment र समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

११. आंशिक तर्फ शैक्षिक शत्र २०७३/७४ (ई.सं. २०१६) देखि भर्ना भई रजिष्ट्रेशन भएका बार्षिक/सेमेष्टर परीक्षा प्रणालीका संम्पूर्ण कार्यक्रमहरुको २०७४ देखि Online आवेदन फारामहरु Web based online system मा Entry गरी समष्टिगत अनुसार फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको Internal Assessment र समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

१२. आन्तरिक मूल्यांकन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरुमात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन् । आन्तरिक मूल्यांकन परीक्षामा अनुतिर्ण (NQ) परीक्षार्थीहरुले अनुत्तीर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो विषयको परीक्षा स्वतः रद्द हुनेछ ।

१३. अन्य शिक्षण संस्थावाट रजिष्ट्रेशन भएका विद्यार्थीहरुको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गरी स्थानान्तरण पत्र संलग्न गर्नुपर्नेछ ।

१४. नियमित तर्फ बार्षिक/सेमेष्टर परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम www.ctevtexam.org.np मा उपलब्ध हुनेछ र परीक्षा आवेदन फाराम तथा प्रवेश पत्र सेतो A4 कागजमा प्रिन्ट गरी पेश गर्नु पर्नेछ ।

१५. आंशिक तर्फ शैक्षिक शत्र २०७३/७४ (ई. सं. २०१६) मा भर्ना भई रजिष्ट्रेशन भएका बार्षिक/सेमेष्टर परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम www.ctevtexam.org.np मा उपलब्ध हुनेछ । परीक्षा आवेदन फाराम तथा प्रवेशपत्र पंहेलो रङ्गको A4 पेपरमा प्रिन्ट गरी बुझाउनु पर्नेछ ।

१६. शुल्क बापतको रकम दाखिला गर्ने परिषद्का प्रदेश कार्यालयहरुको बैंक खाता बिबरण यस प्रकार रहेको छ ।

(क) प्रा. शि. व्या. ता. परिषद्, १ नं. प्रदेश कार्यालय, ईटहरी, सुनसरीः रा. बा. बैङ्क, इटहरी शाखा, च.हि.नं. २५५०१०००१२७८००१,

(ख) प्रा. शि. व्या. ता. परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुर, धनुषाः रा. बा. बैङ्क, जनकपुर शाखा, च.हि.नं. १५२०१००००२६३९००१,

(ग) प्रा. शि. व्या. ता. परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडाः रा. बा. बैङ्क, हेटौंडा शाखा, च.हि.नं. १३००१००००३६६९००१,

(घ) प्रा. शि. व्या. ता. परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्कीः रा. बा. बैङ्क, पार्दी, पोखरा शाखा, च.हि.नं. ३५००१००००२३४००१,

(ङ) प्रा. शि. व्या. ता. परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देहीः रा. बा. बैङ्क, बुटवल शाखा, च.हि.नं. ३३६०१००००३६१००१,

(च) प्रा. शि. व्या. ता. परिषद्, कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेतः रा. बा. बैङ्क, सुर्खेत शाखा, च.हि.नं. ४०८०१०००१५५२८००१,

(छ) प्रा. शि. व्या. ता. परिषद्, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलालीः रा. बा. बैङ्क, धनगढी शाखा, च.हि.नं. ४१७०१००००६५०८००१ मा शुल्क जम्मा गरेको सकल भौचर परीक्षा आवेदन फाराम साथ संलग्न गर्नु पर्नेछ ।

**नोटः**

१. सिम्बल नं एकमुष्ट Generate गर्नुपर्ने भएकाले परीक्षा आवेदन फाराम मिति २०७९।०८।११ गते भित्र नियमित शुल्कको तथा मिति २०७९।०८।१८ गते भित्रमा बिलम्ब शुल्कको Web Based Online System मा शिक्षण संस्थाहरुले Entry गरिसक्नुपर्नेछ ।

२. सम्पूर्ण शिक्षण संस्थाहरुले पाठ्क्रमले निर्धारण गरेको पाठ्यभार अनुसार प्रशिक्षण कार्य अनिवार्य रुपमा सम्पन्न गर्नु पर्नेछ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि उपलब्ध हुनेछ ।**

**परीक्षा नियन्त्रक**